भागेश्वर गा पा भित्र निर्माण आयोजना अनुगमन प्रतिवेदन

**अनुगमन भ्रमणको औचित्यः भागेश्वर गाउँपालिका अन्तरगत वार्ड न, २ र ५ का विभिन्न योजनाहरुको निर्माण सम्पन्न र कार्यान्वयन चरणमा रहेको छ।**

उद्देश्य निर्धारण

उपभोक्ता र सरोकारवालाहरु बीच योजना समयसीमा भित्र सम्पन्न गर्न छलफलको माध्यमबाट समन्वय र निर्माण कार्य सुचारु गरिएको भागेश्वर गाउँपालिकामा छ ।

कार्यसम्पादन मापन टोली

यस गाउँपालिका कार्यालयको मिति २०८१/४/१६-१७ को निर्णयानुसार देहाय बमोजिमको अनुगमन

वडा न ५ को कार्यालय

सिराड वर्थिङ् सेन्टर

४ वटा समुहको मकै खेतीको

समुहमा वाख्रा आर्य आर्जन कार्यक्रम वडा न २

लेकुडा वर्थिङ् सेन्टर

लेकुडा साझा सुविधा केन्द्र

सडक वोर्डबाट सञ्चालित कार्यक्रम सिलङ्गको रुख नजिकको पर्खाल र खानीडाडाको जाली

कृषि ज्ञान केन्द्रबाट सञ्चालित सुख्खा फलफूल खेती अन्तरगत ओखर खेतीको स्थलगत भ्रमण भएको।

क. गाउँ पालिका प्रमुख प्रशाकीय अधिकृत श्री खगेन्द्र भारती — संयोजक

ख. विज्ञ परामर्शदाता ईन्जिनियर श्री सुदिप देवकोटा — सदस्य

ग योजना अधिकृत श्री प्रेम सि घोटा — सदस्य

घ कृषि प्राविधिक श्री दान सिह विष्ट — सदस्य

ङ पशु स्वास्थ्य प्राविधिक श्री मोहन सार्कि — सदस्य

च उपभोक्ता र समुहका सदस्यहरु समेत साईडमा बोलाएको अवस्था

**भ्रमणको संक्षिप्त उद्देश्यः** भागेश्वर गाउँपालिका भित्रका निर्माण आयोजना स्थलगत अवलोकन भ्रमण गरी गाउंपालिकाको बार्षिक कार्यक्रम तथा कार्य प्रगति समेतको कार्य सम्पादन प्रतिवेदन प्रत्यक्ष रुपमा सम्बन्धित विषयका जानकार सहित, गाउँ पालिकाका प्रमुख प्रशासकीय अधिकृत र विज्ञ परामर्शदाता ईन्जिनियर, योजना अधिकृत, कृषि, पशु प्राविधिक समेतको सहभागितामा किसानहरुको घर दैलोमा नै कृषक र उपभोक्ताहरु सग अन्तरक्रिया, प्रश्नोत्तर र अवलोकनको माध्यमवाट सरसल्लाह उपचार र आयोजनाको कार्यको नाप जाच र अनुगमन गर्ने कार्य गरियो ।

**३. भ्रमण कार्यतालिका तथा विवरणः**

| मिति | कार्यक्रम | कैफियत |
|---|---|---|

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| २०८१/४/१६ | वगरकोट — रुपाल ५ र २ | |
| २०८१/४/१७ | वाड न ४ वगरकोट | |

निर्माण आयोजनाको स्थलगत अवलोकन र निरीक्षणः

निर्माण आयोजनाको स्थलगत इस्टमेट र सम्झौता वमोजिम कार्य भए नभएको पहिलो चरणमा गर्न लागेको कार्यको नाप जाँच गरी सम्झौता बमोजिमको कार्य भएको छ छैन कति कार्य भएको फिल्ड अनुगमन गरियो ।

निर्माणमा देखिएका समस्याहरुः

- निर्माणका काममा गुणस्तरसँग गाँसिएका विषय अध्ययन गर्दा योजनाको परिकल्पना, सम्भाव्यता अध्ययन, निर्माण सामग्रीका स्रोतहरूको यकिन, योजना प्राथमिकीकरण, योजना छनोट, गुणस्तर प्रत्याभूति गर्ने आधारहरू, मापनका सूचकहरू, योजना सञ्चालन तथा निर्माणका लागि सशक्त टिम, टिमको कार्यक्षमता र इमान्दारिता, अत्याधुनिक प्रयोगशाला, समय र प्रगतिसँग आबद्ध गरिएको हुनुपर्छ ।
- अनुगमनबाट मात्र हामीले खोजेको, जनताले चाहेको प्रतिफल प्राप्त गर्न सक्ने देखिन्छ ।
- छोटो अवधिमा तयार गरिएका विस्तृत परियोजना प्रतिवेदनहरू नभएका ।
- हतारमा गरिने ठेक्कापट्टा व्यवस्थापन, थोरै बजेट विनियोजन ।
- ढिलो निकासा प्रणालीबाट भुक्तानी समस्याले थपिँदै जाने ।
- राम्रो निर्माण सामग्रीको अभाव, व्यवस्थित प्रयोगशाला र दक्ष जनशक्तिको सधैं अभाव ।
- निर्माणको काम सुरु गर्ने बेला देखि स्थानीय व्यक्तिहरुबाट आयोजना निर्माण अवरोध गरि राख्ने ।
- प्राविधिक कर्मचारीको नियमित अनुगमनको अभाव
- कृषक सग प्राविधिक कर्मचारीको सम्वन्धको अभाव
- कर्मचारीले काम थन्क्याउने प्रवृत्तिको कारण पनि कार्य ढिलाई हुने ।
- जनप्रतिनीधिहरुबाट निर्माण कार्यमा समन्वयको कमी ।
- गुणस्तरीय निर्माण सामाग्रीको अभाव गुणस्तरमा प्रश्नचिह्न खडा हुने ।

अनुगमनमा देखिएका सकारात्मक पक्ष /सुझावहरूः

- निर्माण व्यवसायी र उपभोक्ताले आयोजनाको निर्धारित समय भित्र कार्य सम्पन्न हुने गरी व्यवस्था मिलाउनु पर्ने।
- निर्माण हुने कार्यमा ड्रइङ, डिजाइन र इष्टिमेट वमोजिम निर्माण गर्ने ।
- अव प्रयोग गरिने निर्माण सामग्री जस्तै वालुवा, गिट्टी, इटा, सिमेन्ट,छड आदी इष्टिमेट बमोजिम र ल्याव टेष्ट सहितको गुणस्तरीय हुनुपर्ने .
- प्राविधिकको प्रत्यक्ष निगरानी र निर्देशन वमोजिम निर्माण कार्य गर्नुपर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

- हाल प्रयोग भएको इटा, वालुवा र गिट्टीको गुणस्तर चेकजाचको रिपोर्ट पेश गर्ने।
- सम्वन्धित साईट प्राविधिकको उपभोक्ताले निर्देशन पालना गर्ने ।
- विज्ञ परामर्शदाता ईन्जिनियरले फोन मार्फत दिएको निर्देशन वमोजिम कार्य गर्नुपर्ने
- कार्यालयले खटाइएको प्राविधिकले निर्माण अवधिभर निर्माण कार्यको प्रत्यक्ष निगरानी गर्नुपर्ने ।
- तुरुन्त थप उपभोक्ता र कामदारहरु कार्यक्षेत्रमा खटाउने र कार्य समय सीमा भित्रै सम्पन्न गर्ने ।
- सिमेन्ट प्रयोग भएको सरचनामा पानीको प्रयोग गर्ने।
- कृषकहरुको कुरा कृषि प्राविधिकले सुन्नु पर्ने ।
- कृषक घरदैलो महिनाको एक पटक अनिवार्य गर्नु पर्ने ।
- पशु स्वास्थ्यकर्मीले पशुपालन कृषकहरुको घरदैलोमा सेवा दिने ।
- कृषकहरुलाई आय व्ययको लेखाजोखा सम्वन्धि तालिम दिनु पर्ने ।
- खानीडाडाको जालीको काम ठेकेदारलाई पुन गराउने र तलबाट फेरी नया जाली भर्ने कार्य तुरुन्त गराउने प्राविधिक शाखाबाट साथै खाली जालीमा तुरुन्त ढुङ्गा भराउने ।
- ठेकेदारलाई तुरुन्त सम्पर्कमा ल्याउने ।
- वडा न ५ को कार्यालयको माथिबाट आउने पहिरो रोकथामको लागि तुरुन्तै विपद व्यवस्थापनबाट पहिरो नियन्त्रणको लागि प्राविधिक शाखाबाट कार्य अगाडी वढाउनु पर्ने छ ।

फोटोहरु




प्रमुख प्रशासकीय अधिकृत






प्रमुख प्रशासकीय अधिकारी






प्रमुख प्रशासकीय अधिकृत





प्रमुख प्रशासकीय अधिकृत









प्रमुख प्रशासकीय अधिकृत





प्रमुख प्रशासकीय अधिकृत










प्रमुख प्रशासकीय अधिकृत






मुख प्रशासकीय अधिकृत





मुख प्रशासकीय अधिकृत






प्रमुख प्रशासकीय अधिकृत